बैठक संख्या १४

मिति २०७७।०२।१९ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय **Crisis Management Center (CMC)** भक्तपुरको १४ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

उपस्थितिः

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर

२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर

३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सुर्यविनायक व्यारेक

४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर

५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण

६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर

७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल

८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल

९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित

१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण

२. सवारी साधन व्यवस्थापन सम्बन्धमा

३. क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा

४. नेपाली नागरिक स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्य योजना, २०७७

५. विविध

निर्णय

१. भक्तपुर जिल्लामा ४ जना कोरोना संक्रमित देखिएकोमा सवै कोरोनामुक्त भई होम क्वारेन्टाईनमा पठाइ सकिएकोले सम्पूर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लक डाउनको पूर्ण पालना गर्न पुनः अनुरोध गर्ने ।

२. च.नं. ४००१ मिति २०७७।०२।१८ गतेको गृह मन्त्रालयको कार्ययोजना सम्बन्धी पत्रमा उल्लेख भए अनुसार नेपाली नागरिकहरू स्वदेश आउन सहजिकरण गर्ने सम्बन्धी आदेश, २०७७ को ८ नं. बुदामा व्यवस्था गरिए अनुसार एयरपोर्टबाट भक्तपुर होल्डिङ्ग एरियासम्म ल्याउनको लागि सवारी साधनको व्यवस्थापन गर्न यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरी महाशाखालाई अनुरोध गर्ने ।

३. जिल्लास्थित स्थानीय तहहरूले आफ्नो स्थानीय तहमा विदेशबाट आउन सक्ने नागरिकहरूलाई सुरक्षित तवरले राख्नको लागि वार्ड/नगरस्तरीय क्वारेन्टाइन स्थल(खुला स्थान/स्कूल/पार्टी प्यालेस/होटल आदी) तोकी सो को विवरण तत्काल जिल्ला स्तरीय CMC मा जानकारी गराउन अनुरोध गर्ने ।

४. नेपाली नागरिक स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्य योजना, २०७७ को प्रतिलिपि सवै स्थानीय तहमा उपलब्ध गराई सोमा उल्लेखित कार्य गर्न गराउन अनुरोध गर्ने ।

५. जिल्लामा कोभिड-१९ को नियन्त्रण, रोकथाम र पहिचान गर्न जिल्लास्थित अस्पतालहरुबाट नियमित रुपमा कोभिड लक्षित स्वास्थ्य परीक्षण गर्ने ।

६. कोभिड-१९ को विश्वव्यापी महामारी जिल्लास्तरमा रोकथाम र नियन्त्रण गर्नको लागि जिल्ला प्रशासन कार्यालय, भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाललाई (मो.नं. ९८५११४३३८५) नगरपालिकास्तरीय क्वारेन्टाइन सहजीकरण गर्न सम्पर्क व्यक्ति तोक्ने साथै स्थानीय तहले आ-आफ्नो नगरपालिकाहरूमा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा सम्पर्क व्यक्ति तोकी जिल्लास्तरीय CMC मा पठाउन अनुरोध गर्ने ।

